International Labour Organization

# निर्देशक सिद्धान्त

## शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूको श्रम बजारमा पहुँच



# निर्देशक सिद्धान्त

## शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूको श्रम बजारमा पहुँच



Photo © ILO/ Ala'a al Sukhni, Jordan

# परिचय

विश्वभर युद्ध, हिंसा, र मानव अधिकार उल्लङ्घनका कारण विस्थापित हुन बाध्य मानिसहरू सोही अवस्थामा लामो समयसम्म रहन सक्ने हुँदा शरणार्थीहरू र प्रभावित समुदाय तथा मुलुकका लागि ठूलो चुनौतीका रुपमा रहन्छन्, विषेशगरी ती देशहरू जुन पूर्ववत् रूपमै सामाजिक र आर्थिक चुनौतीको सामना गरिरहेका हुन्छन् ।

अन्तर्राष्ट्रिय समुदायले बढ्दो रूपमा के स्वीकार गर्दै आएका छन् भने उचित काममा समान पहुँच दिगो प्रतिरक्षा रणनीतिको लागि आवश्यक तत्व हो जसले मुलुकभित्रका श्रमिक र अन्य समुदायलाई असुविधा नहुने गरी शरणार्थीहरूलाई शरण लिइरहेका मुलुकको अर्थतन्त्रमा योगदान दिई समाजमा सहभागी गराउन सकिन्छ ।

शरणार्थीहरूको श्रम बजारमा पहुँच स्थापित गर्न र उनीहरूले उचित काममा पहुँच पाउने क्षमतालाई विभिन्न कारणहरूले प्रभाव पारिरहेका हुन्छन् । यी कारकहरूमा शरण दिने मुलुकको सामाजिक तथा आर्थिक अवस्था, शरणार्थीहरूको सुरक्षा र श्रमको हक सुनिश्चित गर्ने कानुन तथा नीतिहरूका साथै भाषागत समस्या तथा अन्य व्यवहारिक समस्या आदि हुन् । परिणाम स्वरूप, शरणार्थीहरू न्यून-सीपयुक्त काम, अनौपचारिक क्षेत्रको रोजगार वा नियमन नगरिने क्षेत्रहरूमा कार्यरत हुन पुग्छन् जहाँ उनीहरू उचित काम गर्ने अधिकारबाट वञ्चित हुनुपर्ने तथा भेदभाव र शोषणको सिकारमा पर्न सक्छन् ।

अन्तर्राष्ट्रिय श्रम संगठनको मापदण्डमा अन्य मुलुकमा गई रोजगारी गर्ने श्रमिकसहित सबै श्रमिकहरूको हकहित सुनिश्चित हुनुपर्छ भने उल्लेख छ । संगठनको संक्षिप्त मानक खाकाले पुरूष तथा महिलाहरूका लागि काम गर्ने वातावरण सुधार्ने, श्रम बजारको नियमनलाई सशक्तीकरण गर्ने, कामका अस्वीकार्य अवस्थाहरूलाई सम्बोधन गर्ने, र जोखिमपूर्ण अवस्थामा रहेका वर्गको सुरक्षा गर्ने लगायतका उद्देश्य राखेको छ ।

वर्तमान सन्दर्भमा हुने ठूलो संख्याको बसाइसराइका कारणले गर्दा शरणार्थी तथा तिनलाई शरण दिने समुदायलाई विषेश ध्यान दिनु पर्दछ भन्ने तथ्यलाई

मध्यनजर गर्दै अन्तर्राष्ट्रिय श्रम संगठनले स्वदेशी तथा शरणार्थी श्रमिकहरूको सुरक्षा तथा श्रम बजारलाई सुदृढ गर्न सुधारका उपायहरू अपनाउन आवश्यक नीतिगत उपायहरूको कार्यान्वयनका लागि व्यवहारिक मार्गदर्शन दिने उद्देश्यले सन् २०१६ मा त्रिपक्षीय प्राविधिक बैठक आयोजना गरेको थियो । उक्त बैठकले **'शरणार्थी तथा बलपूर्वक विस्थापित भएका व्यक्तिहरूको श्रम बजारमा पहुँचका लागि निर्देशक सिद्धान्त'**लाई पारित गऱ्यो । सो निर्देशक सिद्धान्त स्वेच्छिक, बाध्यकारी नहुने गरी श्रमको उपयुक्त अन्तर्राष्ट्रिय मापदण्ड र विश्वव्यापी मानव अधिकारका बुँदाहरूमा आधारित भई कार्यक्षेत्रका उन्नत अभ्यासबाट प्रेरित थिए ।

उक्त निर्देशक सिद्धान्तको सन् २०१७ मा पारित बुँदाहरूमा शान्ति र स्थायित्वका लागि रोजगार र उचित कार्यमाथि गरिएको सिफारिस (नं. २०५) पर्दछन् । यसबाहेक, सो निर्देशक सिद्धान्तको कार्यान्वयनले दिगो विकासका लक्ष्य हासिल गर्ने प्रयासहरूमा कसैलाई पनि पछि पारिएको छैन भन्ने सुनिश्चित गर्नुका साथै शरणार्थीहरूलाई पूर्ण र उत्पादक तथा उचित कार्यमा संलग्न गराउने सुनिश्चिता गर्दछ ।

अन्तर्राष्ट्रिय श्रम संगठनका सबै सदस्य राष्ट्र तथा रोजगारदाता र श्रमिकहरूको संगठनले प्रस्तुत गरेका चासोको विषयमा आधारित यी निर्देशक सिद्धान्तले शरण लिएको देशमा रहेका शरणार्थीहरूका लागि समावेशी रोजगारी सिर्जना गर्न र स्थानीय समुदाय र शरणार्थीलाई समान व्यवहार र अवसर दिने ठोस र उपयुक्त उपायको वकालत गर्दछ । यी विषय विश्वव्यापी रूपमा असर गरिरहेका जलवायु परिवर्तन र महामारीजस्ता संकटका अवस्थामा निकै सान्दर्भिक छन् ।

**विश्वमा भएका शरणार्थीहरूका सकंटको सामना गर्न श्रम बजार र उचित काममा उनीहरूको पहुँच सुनिश्चित गरिनुपर्छ ।**

**गाए राइडर**
*महानिर्देशक*
*आई.एल.ओ. / ग्लोबल रेफुजी फोरम २०१९*



Photo © ILO/Laith Abu Sha'ireh, Jordan

# शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूको श्रम बजारमा पहुँचका लागि निर्देशक सिद्धान्त[1]

शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूको श्रम बजारमा पहुँचका लागि सन् २०१६, जुलाइ ५ देखि ७ सम्म जेनेभामा आयोजित त्रिपक्षीय प्राविधिक बैठकको शासकीय निकायले ३२६ औं सत्रमा गरेको निर्णयमाथि प्रतिक्रिया प्रस्तुत गर्दै 'शरणार्थी र बलपूर्वक विस्थापित व्यक्तिहरूलाई श्रम बजारमा पहुँच स्थापित गर्ने[2] सम्बन्धमा नीतिगत उपायका लागि निर्देशक सिद्धान्त तयार गर्न' त्रिपक्षीय प्राविधिक बैठक आयोजना गर्ने निर्णय गऱ्यो ।

जुलाई ७, २०१६ मा पारित भएको उक्त निर्देशक सिद्धान्तका बुँदाहरू यस प्रकार छन्:

१. यस मार्गदर्शक सिद्धान्तहरू आई.एल.ओ.का सबै सदस्य राष्ट्र र रोजगारदाता र श्रम संगठनहरू प्रति नीतिगत सम्बोधन गर्ने आधारका रूपमा तथा शरणार्थी र बलपूर्वक विस्थापित व्यक्तिहरूलाई श्रम बजारमा पहुँच स्थापित गर्नका लागि राष्ट्रिय तहमा त्रिपक्षीय संवाद गर्ने आधारको रूपमा स्थापित छ ।

२. यस सिद्धान्त स्वेच्छिक तथा लचिलो प्रकृतिको छ र यस सिद्धान्तको आशय सदस्य राज्यहरूलाई थप दायित्व सिर्जना गर्ने होइन ।

३. यसमा सदस्य राष्ट्रहरूलाई श्रम बजारमा शरणार्थीहरू र बलपूर्वक विस्थापित व्यक्तिहरूको पहुँचको लागि सहयोग गर्ने र त्यस्ता परिस्थितिबाट गुज्रिरहेका सदस्य राष्ट्रलाई शरण दिने समुदाय, शरणार्थीहरू र बलपूर्वक विस्थापित व्यक्तिहरूको आवश्यकता र अपेक्षा अनुकूलका प्रतिक्रियात्मक कार्य गर्न सघाउने सिद्धान्त समावेश छन् ।

[1] अन्तर्राष्ट्रिय श्रम संगठनको शासकीय निकायको ३२८ औं बैठक (जेनेभा, २ अक्टुबरदेखि ९ नोभेम्बरसम्म, २०१६) द्वारा संगठनका महानिर्देशकलाई श्रम बजारमा शरणार्थी र अन्य बलपूर्वक विस्थापित व्यक्तिहरूको पहुँच सम्बन्धी निर्देशक सिद्धान्तलाई प्रकाशन तथा प्रशारण गर्ने अधिकार दियो जनु श्रम बजारमा शरणार्थी र अन्य बलपूर्वक विस्थापित व्यक्तिहरूको पहुँच सम्बन्धी त्रिपक्षीय प्राविधिक बैठकमा पारित भरेको थियो । (जेनेभा, ५-७ जुलाइ, २०१६) ।

[2] शासकीय निकाय । ३२६/आइएनएस/१४ थप (पुन:) 'यो निर्देशन अन्तर्राष्ट्रिय श्रम मापदण्ड र विश्वव्यापी मानक अधिकार संयन्त्रमा समावेश सिद्धान्तहरूबारे कार्यालयद्वारा गरिएको विश्लेषणमा आधारित हुनुका साथै कार्यस्थलमा कार्यान्वयन गरिएका राम्रा अभ्यासमा आधारित हुनेछ ।' शासकीय निकाय/३२६/पिभि, अनुच्छेद २४० ।

[3] 'बलपूर्वक विस्थापित अन्य व्यक्ति' सम्बन्धी अन्तर्राष्ट्रिय रुपमा मान्य अर्को कुनै परिभाषा छैन । यस मार्गनिर्देशक सिद्धान्तको उद्देश्यका लागि 'बलपूर्वक विस्थापित अन्य व्यक्ति' ले आन्तरिक रुपमा विस्थापित व्यक्तिहरूलाई जनाउँदैन ।

- ४. आई.एल.ओ.ले आफ्नो म्यानडेटमार्फत सामाजिक न्याय र उचित कार्यका एजेण्डालाई अन्तर्राष्ट्रिय श्रम मापदण्ड, यसको श्रम बजारको विशेषज्ञता र अद्वितीय त्रिपक्षीय प्रकृति अनुरूप प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।

- ५. युएनएचसिआर र आई.एल.ओ. बीच जुलाई, २०१६ मा भएको सहमति पत्रले दुई संस्था बीचको बढ्दो सहकार्यलाई पुष्टि गर्दछ तथा सो सहकार्यको स्वागत गर्दै सोही प्रकारको अन्य संगठनहरूबीचको सहकार्यलाई प्रोत्साहन गरिएको छ ।

- ६. शरणार्थी र बलपूर्वक विस्थापित भएका अधिकांश व्यक्तिहरूलाई शरण दिने राष्ट्रहरूले दिएका र दिन सक्ने महत्वपूर्ण योगदानहरूलाई पहिचान गर्ने ।

- ७. शरण दिने राष्ट्रका नागरिक, सो मुलुकमा रहेका शरणार्थी र बलपूर्वक विस्थापित व्यक्तिहरू सबैका लागि मुल देश, शरण दिने मुलुक र तेस्रो मुलुकमा उचित रोजगारको अवसर महत्वपूर्ण हुन्छ ।

- ८. सदस्य राष्ट्रहरूले शरण दिने राष्ट्रहरूसँग न्यायसङ्गत ढंगमा उत्तरदायित्वहरू बाँडफाँड गर्नुपर्दछ र अन्य बलपूर्वक विस्थापित व्यक्तिहरूलाई सहयोग गरी उनीहरूलाई सहयोग गर्नु अति आवश्यक छ भन्ने तथ्यलाई स्वीकार गरिएको छ ।

- ९. राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन कार्यान्वयन गर्दा राष्ट्रिय तथा क्षेत्रीय परिस्थितिको विषमताले निम्त्याउन सक्ने समस्यालाई सामना गर्दा आइपर्ने चुनौती, क्षमता र बोझहरू ध्यानमा राख्नु पर्छ ।

- १०. सम्भव र उपयुक्त भएसम्म श्रम बजारलाई सुदृढ र सबल बनाउन थप प्रतिबद्धता आवश्यक हुन्छ, जसले स्थानीय तहमा एकता, पुनर्वास, स्वेच्छिक रूपमा स्वदेश फर्कने र पुनस्थापनालाई सहयोग गर्दै र श्रमिकहरूको गतिशीलताका लागि मार्गप्रर्दशन गर्न बलपूर्वक फिर्ता नगर्ने सिद्धान्तलाई अपनाउनेछ ।

- ११. यी सिद्धान्तहरूको प्रभावकारी कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय समुदायले सम्भव भएसम्म प्रयत्न, दिगो र अपेक्षित सहयोग उपलब्ध गराउनु पर्दछ ।

## क. श्रम बजारमा पहुँचका लागि शासकीय खाका

१२. सदस्य राष्ट्रहरूले सम्भव भएसम्म उपयुक्त राष्ट्रिय नीति तथा कार्ययोजनाहरू तयार गरी शरणार्थी तथा बलपूर्वक विस्थापित भएका व्यक्तिहरूको रोजगार र जीवनयापनको संरक्षण सुनिश्चित गर्न राष्ट्रिय नीति तथा कार्ययोजनाहरू तयार गर्नुपर्छ ।

१३. राष्ट्रिय नीति तथा कार्ययोजनाहरू तयार गर्दा अन्तर्राष्ट्रिय श्रम मापदण्ड, उचित कामको सिद्धान्त, मानवीय सिद्धान्त, अन्तर्राष्ट्रिय कानुनका प्रावधानहरू पालना गर्दै मानव अधिकार तथा शरणार्थीसँग सम्बन्धित कानुनसँग सान्दर्भिक हुने गरी श्रम मन्त्रालय तथा श्रमिक र रोजगारदाता संगठनहरूसँगको परामर्शमा बनाउनुपर्छ ।

१४. शरणार्थी र बलपूर्वक विस्थापित व्यक्तिहरूका लागि औपचारिक र उचित रोजगार प्रदान गरी आत्मनिर्भर लक्षित राष्ट्रिय नीति तथा कार्ययोजनामा कम्तीमा पनि निम्न बुँदाहरू समावेश गरिनुपर्छः

क) श्रम बजारमा शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूको पहुँच सुनिश्चित गर्न रोजगारदाता र श्रमिक संगठनहरू र अन्य सरोकारवालाहरूलाई मार्गनिर्देश गर्ने;

ख) शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूले श्रम बजारमा पार्ने असर र विद्यमान श्रमिक र रोजगारदाताका आवश्यकताहरूबारे विश्वसनीय सूचनाहरूका आधारमा शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूका लागि रोजगारका अवसरहरूको जाँच गर्ने;

ग) शरणार्थी शिविरसँग सम्बन्धित नीतिहरू र अन्य उचित रोजगारका अवसरहरूमा बाधा पुऱ्याउने अनियमित रोजगार सिर्जना गर्ने वा रोजगारीसँग सम्बन्धित भेदभावलाई प्रोत्साहित गर्ने प्रतिबन्धहरूलाई हटाउने वा खुकुलो बनाउने ।

घ) रोजगारीका लागि श्रम स्वीकृति लिनुपर्ने वा रोजगारदाताले रोजगारी दिन अनुमति लिनुपर्ने वा कोटाका आधारमा रोजगारी दिनुपर्ने लगायतका कानुनी मापदण्ड लागू भएको अवस्थामा ती



© ILO/ Luis Echeverria, Guatemala

मापदण्डहरू श्रमिकको हकका मौलिक सिद्धान्त, अन्तर्राष्ट्रिय श्रम मापदण्ड, मानवीय सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन, मानव अधिकार र शरणार्थी सम्बन्धी कानुन, श्रम बजारमा अपनाइने सबैका लागि समान अवसरको सिद्धान्त अनुरूप भएको सुनिश्चित गर्ने;

ङ) सम्भव भएसम्म अन्तर्राष्ट्रिय श्रम मापदण्ड र मानव अधिकार का मान्यताहरू कार्यान्वयनका क्रममा हुने कानुनी, नीतिगत तथा प्रशासनिक अभ्यासमा असंगत बुँदाहरूको पहिचान गरी रद्द गर्ने ।

१५. सदस्य राष्ट्रहरूले उद्यमशीलतासँग सम्बन्धित नियम, कानुनहरू सहज रुपमा उपलब्ध गराउनु पर्छ, जस्तै व्यवसाय दर्ता गर्ने प्रक्रिया, सम्बन्धित श्रम तथा रोजगार कानुन, कर प्रणालीका कार्यविधि आदि ।

## ख) समावेशी श्रम बजारको लागि आर्थिक तथा रोजगारीका नीतिहरू

१६. सदस्य राष्ट्रहरूले उचित आर्थिक विकासका रणनीति अपनाउनु पर्छ, जसले सक्रिय श्रम बजार नीतिसहित उचित रोजगारी सिर्जनामा लगानीलाई टेवा दिन्छ र महिला तथा पुरुष शरणार्थी तथा बलपूर्वक विस्थापितहरू तथा उद्यमहरूलाई समग्रमा उत्थान हुने वातावरण बनाउँछ ।

१७. सदस्य राष्ट्रहरूले सम्भव भएसम्म रोजगारदाता निकाय तथा श्रमिक संगठनहरूका प्रतिनिधिसहितको सहकार्यमा राष्ट्रिय रोजगारी नीतिको विकास र कार्यान्वयन गर्नुपर्छ, जसले शरणार्थी तथा बलपूर्वक विस्थापितहरूलाई समावेश गर्न सकोस् ।

१८. रोजगार रणनीतिमा निम्न बुँदा समावेश हुनुपर्दछ:

क) श्रम बजारमा शरणार्थी र बलपूर्वक विस्थापित व्यक्तिहरूको पहुँच सुनिश्चित तथा विषेशत: रोजगारी सम्बन्धी सूचना तथा परामर्श दिन रोजगार सेवा प्रदायक सार्वजनिक तथा निजी निकायहरूको क्षमता अभिवृद्धि गर्ने र सो सम्बन्धी निकायसँगको सहकार्यलाई सबल बनाउने ।

ख) शरणार्थी तथा बलपूर्वक विस्थापित समुदायका युवा तथा महिलाहरूलाई श्रम क्षेत्रमा सहभागी गराउनका लागि शिक्षामा पहुँच, आजीवन सिकाइ, बालबालिकाको हेरचाह र विद्यालयपछिका कार्यक्रम लगायतका विशेष कार्यक्रमहरूलाई सहयोग र सुदृढ गर्ने ।

ग) शरणार्थी र बलपूर्वक विस्थापित व्यक्तिहरूले हासिल गरेका सीप तथा दक्षताको परीक्षण गर्नुपर्ने भए उचित सीप निर्धारण परीक्षणका आधारमा उनीहरूको सीप तथा दक्षतलाई मान्यता दिने ।

घ) व्यावसायिक सुरक्षा र स्वास्थ्य प्रशिक्षणसहित सान्दर्भिक व्यावसायिक प्रशिक्षण सुविधा प्रदान गर्ने (काम गरेबापत पैसा आउने र काम पनि सिकिने), त्यसको लागि सघन भाषा प्रशिक्षणको पनि व्यवस्था गर्ने ।

ङ) सीप विकास गर्न तथा उन्नत अवसरहरूमा पहुँचका लागि र शरणार्थी र बलपूर्वक विस्थापित व्यक्तिहरूको उद्यमशिलता विकास गर्न तथा व्यवसाय सुरू गर्न आवश्यक तालिम तथा प्रशिक्षणलाई सुदृढ बनाउने ।

च) अनौपचारिकबाट औपचारिक अर्थ व्यवस्थामा रोजगार परिवर्तनको प्रोत्साहनसहित शरणार्थी र बलपूर्वक विस्थापित व्यक्ति तथा शरण दिने मुलुकका समुदायको लागि रोजगारका उचित अवसरहरूमा बढ्दो पहुँचको सहजीकरण गर्ने ।

१९. सदस्य राष्ट्रहरूले शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूको उत्पत्ति, यात्रारत तथा लक्षित मुलुकमा कामसँग सम्बन्धित अधिकारहरूको हस्तान्तरणजस्तै निवृत्तिभरण सहितका सामाजिक सुरक्षाका लाभ, सीपको प्रमाणीकरण र पहिचानका लागि आवश्यक कदम चाल्ने ।

२०. सदस्य राष्ट्रहरूलाई आफ्नो अर्थव्यवस्थामा रोगदारदाता तथा कामदारहरूको संगठनको सहभागितामा श्रम बजारमा शरणार्थीहरूको पहुँचले पारेको राष्ट्रिय प्रभाव मूल्यांकन गर्न प्रोत्साहित गर्ने ।

२१. सदस्य राष्ट्रले शरणार्थी तथा बलपूर्वक विस्थापित भएका व्यक्तिहरूले शरण लिएको समुदाय, श्रम बजार तथा अर्थव्यवस्थामा पारेको प्रभावका सम्बन्धमा सूचना तथा तथ्य संकलनसहित राष्ट्रिय श्रम बजार शासन प्रणालीको क्षमता सुदृढीकरण गर्ने ।



Photo © ILO/Alfredo Caliz, Mauritania

## ग) श्रम अधिकार र समान अवसर र व्यवहार

२२. सदस्य राष्ट्रहरूले महिला, युवा तथा शारीरिक रूपमा अशक्त व्यक्तिहरूको विशेष आवश्यकतालाई पहिचान गरी कार्यस्थलका अधिकारको मौलिक सिद्धान्त अनुरुप कार्यस्थलको अवस्था, गुणस्तरीयता, सार्वजनिक सुविधामा पहुँच, ज्याला र शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूको सामाजिक सुरक्षाका अधिकारलाई कदर गर्दै उनीहरूलाई आफ्नो श्रम अधिकार र सुरक्षाबारे अवगत गराउने र विशेषगरी लैंगिक समानता सम्बन्धी राष्ट्रिय नीतिहरूसहित अवसर र व्यवहारमा समानता प्रवर्द्धन तथा सुदृढीकरण गर्नुपर्दछ ।

२३. राष्ट्रिय नीतिहरूमा कम्तीमा पनि निम्न बुँदा समावेश हुनुपर्छः

क) महिला तथा बालबालिका शरणार्थी र बलपूर्वक विस्थापित भएकाहरूलाई प्रभावित गर्ने कानुन तथा अभ्यासमा भएका सबै प्रकारका भेदभाव र बलजफ्ती श्रममा लगाउने वा बालश्रमविरूद्ध लड्ने र यस्ता प्रावधानलाई प्रतिबन्ध लगाउने,

ख) शरणार्थी तथा बलपूर्वक विस्थापित भएका व्यक्तिहरूसहित सबै श्रमिकको ट्रेड युनियन खोल्ने, सामूहिक संवादमा भाग लिने र हिंसक कार्यस्थलविरूद्ध न्यायिक उपचार पाउने वा न्यायालयको पहुँच सुनिश्चित गर्ने लगायतको काममा सहजीकरणको काम गर्नुपर्दछ,

ग) कार्यस्थलमा अरू देशका व्यक्तिप्रति घृणा फैलाउने व्यवहार रोक्न कानुनी उपाय अपनाउने तथा त्यस्ता व्यवहारविरूद्ध बहसपैरवी गर्दै जागरूकता फैलाउने र शरणार्थी तथा बलपूर्वक विस्थापित भएका व्यक्तिहरूले गरेका योगदानको श्रम तथा रोजगारदाता संगठन, नागरिक समाज र अन्य सरोकारवाला निकायको अर्थपूर्ण सहयोगबाट उजागर गर्ने,

घ) न्यूनतम पारिश्रमिक, काम गर्ने समय, प्रसूति सुरक्षा, पेशागत स्वास्थ्य र सुरक्षासहित सबै श्रम कानुन र नियमहरू शरणार्थी तथा बलपूर्वक विस्थापित भएका व्यक्तिहरूका हकमा लागू भएको सुनिश्चित गर्ने र श्रमिकको अधिकार तथा दायित्व उल्लङ्घन भएमा उपचारका लागि अपनाउनु पर्ने उपायबारेको जानकारी उनीहरूले बुझ्ने भाषामा प्रदान गर्ने, र

ङ) श्रम निरिक्षक, सार्वजनिक सेवामा संलग्न कर्मचारी, र न्यायिक निकायलाई श्रम र शरणार्थी सम्बन्धी कानुन तथा श्रम अधिकार बारे आवश्यक शिक्षा तथा तालिम दिने र श्रमिकहरूले उनीहरूले बुझ्ने भाषामा सूचना तथा तालिम पाएको सुनिश्चित गर्ने ।

२४. समानता तथा भेदभावविरूद्धको सिद्धान्त सबैका लागि समान रुपमा लागू हुनुपर्छ । कुनै पेशा विषेशको पहुँच सम्बन्धित अन्तर्राष्ट्रिय श्रम मापदण्ड र अन्य अन्तर्राष्ट्रिय कानुन तथा राष्ट्रिय कानुन बमोजिम प्रतिबन्धित हुनसक्छ ।

## छ) साझेदारी, सहयोग र समन्वय

२५. शरणार्थीहरू तथा बलपूर्वक विस्थापित भएका व्यक्तिहरूको ठूलो संख्यामा हुने आगमनले पार्ने प्रभाव र उनीहरूको जीवनयापन र उचित रोजगारमा पहुँचको महत्वबारे राष्ट्रिय, द्विपक्षीय, क्षेत्रीय तथा विश्वव्यापी संवादलाई प्रवर्द्धन गर्नुपर्दछ ।

२६. सदस्य राष्ट्रबीच हुने सहकार्यमा निम्न बुँदा समावेश हुनुपर्छः

क) आई.एल.ओ. तथा अन्य अन्तर्राष्ट्रिय निकाय विषेशगरी युएनएचसिआरको सहयोगमा स्थानीय सरकार, क्षेत्रीय निकाय र विषेशगरी क्षेत्रीय आर्थिक आयोग तथा क्षेत्रीय सहयोगको क्षमता अभिवृद्धि गरी आपसी सरसहयोगलाई सुदृढ बनाउने ।

ख) शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूसहित सबै श्रमिकको हितका लागि उचित, उत्पादक रोजगारहरू, व्यवसाय विकास र स्वरोजगारी सिर्जना गर्न विकास सहायता र गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने ।

ग) शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूहरूको कार्यस्थलमा हुने अधिकार र अन्य मौलिक हक सिद्धान्तहरूको प्रवर्द्धन र सुरक्षाको लागि श्रमिक र रोजगारदाताका संगठन र नागरिक समाजका भूमिका अभिवृद्धि गर्ने ।

घ) सम्भव भएसम्म संयुक्त राष्ट्रसंघीय विकास सहायता रूपरेखा (UNDAF) का संयन्त्रसहित राष्ट्रिय विकास योजना प्रक्रियामा शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूलाई समावेश गर्ने ।

२७. सदस्यहरूले अधिकांश शरणार्थीहरूको शरणलाई निरन्तरता दिने कम विकसित मुलुकहरूलाई अपेक्षित, दिगो र पर्याप्त विकास सहायता दिनुपर्छ र त्यस्ता मुलुकहरूको निरन्तर विकास लाई सुनिश्चित गर्नुपर्छ ।

# १४ निर्देशक सिद्धान्त

## शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूको श्रम बजारमा पहुँच




Photo © ILO/ Fatma Çankara, Turkey

२८. श्रमिक तथा रोजगारदाताहरूको संगठनले सरकारी तथा निजी क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् र उनीहरूले रोजगारका क्षेत्रका साथै समाजमा शरणार्थी तथा बलपूर्वक विस्थापित व्यक्तिहरूलाई समावेश गर्न समर्थन र प्रवर्द्धनका काम गर्नुपर्छ । यस्ता संगठनहरूले सदस्य राष्ट्रहरूले केन्द्रिय तथा स्थानीय तहमा सो मार्गदर्शक सिद्धान्तअनुसार गरेका पहलकदमीको समर्थन गर्नुपर्छ र सोही अनुरुपका नीतिको खाका विकास गर्ने प्रतिबद्धता गर्दै सरकार तथा अन्य सरोकारवालाहरूसँग कार्यगत एकताको प्रतिबद्धता देखाउनुपर्छ । कामदारहरूको लागि सक्रिय श्रम बजारका उपायबारे ध्यान दिँदै तथा शरणार्थीहरूको वस्तुस्थिति ध्यानमा राख्दै श्रमिकहरूको समान व्यवहार र अवसरको ग्यारेन्टी गर्दै सीप प्रमाणीकरण तथा समानीकरण यी संगठनहरूले महत्वपूर्ण भूमिका खेल्छन् ।

## ङ) स्वेच्छिक रूपमा स्वदेश फिर्ती र पुनः एकीकरण

२९. मूल देशले श्रम बजारमा फर्किएका शरणार्थीहरूलाई पुनः संगठित गर्नुपर्छ। अन्तर्राष्ट्रिय श्रम संगठन र यसका सदस्य राष्ट्रहरूले शरणार्थीहरूलाई पुनः संगठित गर्दा सबैका लागि रोजगारी र उचित रोजगारको सिर्जना गर्नुका साथै जीवनयापन र आत्मनिर्भरता हुन सहयोग पुऱ्याउनुपर्दछ ।

३०. शरणार्थी कानुन र मानव अधिकार कानुनलगायत विद्यमान अन्तर्राष्ट्रिय कानुनी प्रावधान अनुसार शरणार्थी र बलपूर्वक विस्थापित भएका व्यक्तिहरूलाई आफ्नो देशमा स्वेच्छिक रुपले फर्कन र पुनः संगठित हुन सहयोग पुऱ्याउन मूल देशसँग परामर्श गरी उचित संरक्षण प्रावधानको विकास गर्नुपर्छ ।


Photo © ILO / Andrew Quilty, Afghanistan

## च) श्रम गतीशीलताको लागि थप मार्गहरू:

३१. सदस्यहरूले श्रम गतिशीलतालाई प्रवेशको एक मार्गको रुपमा शरणार्थी र बलपूर्वक विस्थापित व्यक्तिहरूको ठूलो संख्यालाई शरण दिने देशमा बस्न र दायित्व बाँडफाँडका लागि मार्गप्रर्दशन गर्ने र राष्ट्रिय नीतिमा प्रवेशका लागि त्यस्ता मार्गहरू समावेश गर्नुपर्छ ।

३२. सदस्यहरूले अन्तर्राष्ट्रिय मापदण्ड, उचित कामको कार्यसूची र श्रम प्रवासमा बहुपक्षीय खाकालाई सम्भव भएसम्म राष्ट्रिय नीति र क्षेत्रीय तथा द्विपक्षीय सम्झौतामा समावेश गरी शरणार्थीहरूको गीतशीलता र विस्तार संगठित बनाउनु पर्छ । त्यस्ता नीति र सम्झौता गर्दा रोगजारदाता तथा श्रमिक सम्बद्ध संघ संगठनसँग परामर्श गर्नुपर्छ ।

३३. राष्ट्रिय तथा उपयुक्त क्षेत्रीय नीतिमा निम्न बुँदा समावेश हुनुपर्छः

क) अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कानुन बमोजिम शरणर्थी तथा बलपूर्वक विस्थापित भएकाहरूले उनीहरूले फिर्ता हुन निर्णय लिएका अवस्थामा पुनःफिर्तीको सिद्धान्तको सम्मान तथा श्रम गतिशीलताका योजनामा भाग लिने वातावरण बनाइदिनुपर्छ ।

ख) शरण दिने समुदायमा समावेशिता र एकतालाई प्रोत्साहन गर्दै शरणार्थी र बलपूर्वक विस्थापित व्यक्तिहरूलाई सीप विकासका अवसर प्रदान गर्ने, ताकि यदि उनीहरूलाई घर फर्कने अनुमति दिइएको अवस्थामा उनीहरूले आफ्ना देशमा नयाँ सीप भित्र्याउन सकून् ।

ग) अन्तर्राष्ट्रिय मापदण्डअनुसार अदक्ष कामदार तथा न्यून पारिश्रमिकमा काम गर्न बाध्य श्रमिकहरूका लागि विषेश ध्यान दिँदै शरणार्थी तथा बलपूर्वक विस्थापित भएका व्यक्तिहरूलाई पारिश्रमिक र असमान आधारमा काममा लगाइएको हुन सक्छ । सो असमानताहरू समान भएको सुनिश्चितता गर्ने ।

३४. सदस्यहरूले शरणार्थी र अन्य बलपूर्वक विस्थापित भएका व्यक्तिहरूलाई उनीहरूको मूल देशको आर्थिक र सामाजिक विकासमा सहयोग पुऱ्याउन राष्ट्रिय नीति र क्षेत्रीय तथा द्विपक्षीय सम्झौताहरूको विकास गर्न प्रवासी समुदायहरूको संलग्नतालाई सहजीकरण गर्नुपर्दछ ।

आप्रबासी श्रमिक शाखा
अन्तर्राष्ट्रिय श्रम संगठन

मार्ग डे मोरिलन्स सीएच्-१२११,
जेनेभा २२, स्विजरल्याण्ड

वेबसाइटः www.ilo.org/migrant
इमेलः migrant@ilo.org